नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.:

email: moicsie@moics.gov.np

मिति : २०७९/०२/११

## औद्योगिक पूर्वाधार संरचना निर्माणको प्रस्ताव आव्हान सम्बन्धी सूचना

यस मन्त्रालय र उद्योगीबीच हुने सम्झौताको अधिनमा रही तारे होटेल, सिमेन्ट तथा फलाम उद्योगले पहुँच सडक तथा विद्युत प्रसारण लाइन निर्माण गरेमा "औद्योगिक पूर्वाधार संरचना निर्माण तथा सोधभर्ना सम्बन्धी कार्यविधि, २०७९" बमोजिम सोधभर्ना भुक्तानी गर्ने कार्यक्रम रहेको हुँदा पहुँचमार्ग र विद्युत प्रसारण लाइन निर्माण गर्न इच्छुक उद्योगीले देहायका कागजातहरु संलग्न गरी २०७९ जेठ २० गते भित्र सोही कार्यविधिको दफा ४ को उपदफा २ बमोजिम यस मन्त्रालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

(क) उद्योगको उत्पादन क्षमता, रोजगारी संख्या, वार्षिक कारोवार लगायतका विवरण,
(ख) औद्योगिक पूर्वाधार संरचना निर्माणको आवश्यकता तथा औचित्य,
(ग) औद्योगिक पूर्वाधार संरचना निर्माणको प्रारम्भिक सम्भाव्यता अध्ययन,
(घ) प्रारम्भिक इञ्जिनियरिङ्ग प्रारुप,
(ङ) जिल्ला दररेट अनुसार तयार गरिएको अनुमानित लागत,
(च) प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन,
(छ) कार्यान्वयन योजना,
(ज) औद्योगिक पूर्वाधार संरचना निर्माणबाट लाभान्वित हुन सक्ने व्यक्ति, संस्था वा क्षेत्र,
(झ) औद्योगिक पूर्वाधार संरचना निर्माण सम्पन्न हुने समयावधि,
(ञ) विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन भए सो समेत
(ट) औद्योगिक पूर्वाधार संरचनासँग सम्बन्धित अन्य कागजात,
(ढ) नेपाल विद्युत प्राधिकरण र उद्योगबीच सम्पन्न ग्रीड कनेक्सन एग्रिमेन्ट

यस सम्बन्धी अन्य कुराहरु "औद्योगिक पूर्वाधार संरचना निर्माण तथा सोधभर्ना सम्बन्धी कार्यविधि, २०७९" बमोजिम हुनेछ।

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९